भेरीगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय छिन्चु, सुर्खेत

कर्णाली प्रदेश

## भेरीगंगा नगरपालिका वडा नं. १२ मा रहेको मसिना खेलमैदान निर्माणको तयार गर्ने कार्यको संक्षिप्त वातावरणीय अध्ययन(BES) प्रतिवेदन तयारी सम्बन्धमा सार्वजनिक सूचना

प्रकाशन मितिः २०८२/०१/१२

भेरीगंगा नगर कार्यपालिकाको कार्यालय छिन्चु सुर्खेतद्वारा निम्न बमोजिमको प्रस्ताव वातावरण संरक्षण नियमावली २०७७ को नियम ७(२) अनुसार कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | भेरीगंगा नगरपालिका, छिन्चु, सुर्खेत<br>ईमेलः bheriganggamun.gov.np; फोन नं.: ०८३-५४०१५४, ०८३-५४०१५४ |
| **प्रस्तावको व्यहोरा** | भेरीगंगा नगरपालिका वडा नं. १२ मा अवस्थित श्री कृष्ण सामुदायिक वनको ९०० वर्ग मिटर (०.९ हेक्टर) क्षेत्रफलमा मसिना खेलमैदान निर्माणको प्रस्ताव गरिएको छ। यस खेलमैदान अन्तर्गत एक फुटबल मैदान, एक भलिबल कोर्ट तथा परापेट संरचना निर्माणको योजना रहेको छ। स्थानीय युवा, विद्यालय र समुदायलाई लक्षित गर्दै खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापको प्रवर्द्धनका लागि यो योजना अघि सारिएको हो। प्रस्तावित संरचना सामुदायिक वनभित्र पर्ने भएकाले वातावरण संरक्षण नियमावली, २०७७ अनुसार १ हेक्टर भन्दा कम वन क्षेत्र प्रयोग पूर्व संक्षिप्त वातावरणीय अध्ययन (BES) अनिवार्य हुने भएकोले यो अध्ययन आवश्यक भएको हो।<br>यसले दिगो विकास, वन क्षेत्रको न्यूनतम असर र स्थानीय सहभागिता सुनिश्चित गर्ने उद्देश्य राखेको छ। |
| **प्रभाव पर्न सक्ने जिल्ला/ न.पा.:** | सुर्खेत जिल्ला, भेरीगंगा नगरपालिका, वडा नं १२; |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के—कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

### राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | भेरीगंगा नगरपालिका, छिन्चु, सुर्खेत<br>ईमेलः bheriganggamun.gov.np; फोन नं.: ०८३-५४०१५४, ०८३-५४०१५४ |
| **परामर्शदाताको नाम र ठेगाना** | श्री प्लाटफर्म इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सि प्रा.लि.;<br>नयाँ बानेश्वोर, काठमाडौं, नेपाल;<br>ईमेलः platfromgroup5@gmail.com; |